# साँफेबगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## साँफेबगर, अछाम
## सुदूरपश्चिम प्रदेश, नेपाल

०९७६२५१३७
०९७६२५१७६
०९७६२५१७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२


## कार्यपालिका निर्णयहरु सार्वजनिकरण

**आ.व.** २०८०/८१ — **बैठक मिति:** २०८०/०९/१६

**बैठक नं.** ४ — **समय:** मध्यान्ह १२: ०० बजे

**प्रस्तावहरुः**

१. आ.व. २०७९/०८० को सार्वजनिक सुनुवाई सम्बन्धमा ।

२. नगरसभाको १२ औं अधिवेशन आव्हान सम्बन्धमा ।

३. वैद्यनाथधाम कोटीहोम महायज्ञ सञ्चालन सहयोग अनुदान सम्बन्धमा ।

४. वडा नं. ४ बालमैत्री वडा घोषणा सम्बन्धमा ।

५. लैंगिक हिंसा न्यूनीकरण अभियान सञ्चालन सम्बन्धमा ।

६. सेफ हाउस कार्यालय स्थानान्तरण सम्बन्धमा ।

७. कोल्ड स्टोर सञ्चालन सम्बन्धमा ।

८. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

९. आ.व. २०८१/८२ को लागि सङ्घीय समपूरक अनुदान र सङ्घीय विशेष अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

१०. नव प्रबर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालनको लागि प्रतिवद्धता पत्र पेश गर्ने सम्बन्धमा ।

११. करार नियुक्ती सम्बन्धमा ।

१२. विकास निर्माण सम्बन्धमा ।

१३. विविध ।

क) आँखा शिविर सञ्चचालन सहयोग सम्बन्धमा

ख) मिनि मार्ट निर्माण सम्बन्धमा ।

ग) कार्यपालिका बैठक सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७९/०८० को सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८०/०९/१९ गते बस्ने कार्यपालिकाको बैठकबाट मिति तोक्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस साँफेबगर नगरसभाको १२औं अधिवेसन यही मिति २०८०/०९/१९ गते बस्ने कार्यपालिकाको बैठकबाट मिति तोक्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं. १ स्थित नेपालकै चार धाम मध्येको एक प्रसिद्ध धामको रुपमा रहेको वैद्यनाथ धाममा यही मिति २०८० साल फागुन १० गते देखि सञ्चालन हुन गईरहेको कोटीहोम

०९७६२५११३७
०९७६२५११७६
०९७६२५११७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२

महायज्ञ सञ्चालनको लागि रकम रु. १० लाख ५० हजार अनुदान उपलब्ध गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं. ४ मष्टामाण्डौंलाई बालमैत्री वडा घोषणा गर्नको लागि उक्त वडाका जनप्रतिनिधी र सरोकारवाला संघ, संस्थाको उपस्थितीमा बालमैत्री सूचकको बारेमा छलफल गरी प्रतिवेदन तयार गर्ने र सो प्रतिवेदनको आधारमा बालमैत्री वडा घोषणा गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गतका १४ वटै वडामा लैंगिक हिंसा न्यूनीकरणको लागि सम्बन्धित सरोकारवालाको सहयोगमा कार्यक्रमको खाका तयार गरी सो खाकाका आधारमा लैंगिक हिंसा न्यूनीकरण अभियान सञ्चालन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस साँफेबगर नगरपालिकाको कार्यालय हाताभित्र रहेको सेफ हाउसलाई सुरक्षित तथा उपयुक्त स्थानको खोजी गरी सुरक्षित संरचना निर्माण गरेर मात्र सेफ हाउसको कार्यउलय स्थानान्तरण गर्ने मापदण्ड अनुसार बजेट व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथी छलफल गर्दा यस साँफेबगर न.पा. वडा नं. ४ स्थित कोल्ड स्टोर सञ्चालनको लागि आवश्यक पर्ने सबै पूर्वाधारहरु निर्माण गरी अविलम्व सञ्चालन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथी छलफल गर्दा यस साँफेबगर नगरपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१ मा सञ्चालन हुने बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि मिति २०८०/०९/१९ गते बस्ने कार्यपालिकाको बैठकबाट वडा छनौट गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ९**

प्रस्ता नं. ९ माथि छलफल गर्दा आ.व.२०८१/८२ का लागि सङ्घीय समपूरक अनुदान तथा सङ्घीय विशेष अनुदान अन्तर्गत यस साँफेबगर नगरपालिकाको आवश्यकता तथा औचित्यताको आधारमा तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गरी राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

समपूरक अनुदान तर्फः

१. वडा कार्यालय भवन निर्माण वडा नं. ४
२. वडा कार्यालय भवन निर्माण वडा नं. २
३. वडा कार्यालय भवन निर्माण वडा नं. ७
४. बरम डाँडा लेसाड सडक निर्माण वडा नं. ५

०९७६२५१३७
०९७६२५१७६
०९७६२५१७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२

बिशेष अनुदान तर्फः

१. तुका मा.वि. ८ कोठे भवन निर्माण वडा नं. १२ खप्तड , अछाम

२. प्रभा घम्कोट मा.वि. ८ कोठे भवन निर्माण साँफेबगर न.पा.३

३. जाल्पादेवी आ.वि. ४ कोठे भवन निर्माण वडा नं. ५

४. नाना खोला सिंचाई कुलो निर्माण वडा नं. ८

५. खाद्य सुरक्षा तथा पोषण कार्यक्रम

६. हिमालय मा.वि. खेलमैदान निर्माण वडा नं. ४

७. मष्टामाण्डौं आ.वि. ४ कोठे भवन निर्माण वडा नं. १४

८. नवदुर्गा आ.वि. ४ कोठे भवन निर्माण वडा नं. ८

९. सामाजिक समावेशीकरणका लागि मुल प्रवाहीकरण कार्यक्रम

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथी छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रमको सूचीमा सूचिकृत ४६२ वटा स्थानीय तह मध्ये साँफेबगर नगरपालिका पनि सो कार्यक्रमको छनौटमा परेको र उक्त कार्यक्रममा सहभागी हुन साँफेबगर नगरपालिका पनि ईच्छुक भएकोले सो कार्यक्रम सञ्चालनको लागि नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८० को दफा ४२ बमोजिमको लागत सहभागिता व्यहोर्न साँफेबगर नगरपालिका प्रतिबद्ध रहेको र नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८० को पूर्णपालना गर्ने कुरामा समेत प्रतिबद्ध रहेको सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथी छलफल गर्दा यस साँफेबगर नगरपालिका कार्यालयको लागि आवश्यक पर्ने तपसिल बमोजिमका कर्मचारीहरुको पद पूर्ति गर्नको लागि सम्बन्धित शाखाको समन्वयमा पदपूर्ति गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

१. कृषि

२. पशु सेवा

३. राजश्व संकलन

४. स्वास्थ्य सेवा

५. फोहरमैला व्यवस्थापन

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथी छलफल गर्दा बजेट सुनिश्चितताको आधारमा यस साँफेबगर नगरपालिकाको कार्यालयको कम्पाउण्ड निर्माण, कार्यालय भवनको रंगरोगन तथा अन्य आवश्यक मर्मत सम्भारको व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

साँफेबगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

०९७६२५११३७
०९७६२५११७६
०९७६२५११७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ विविध (क) माथी छलफल गर्दा गेटा आँखा अस्पतालको आयोजनामा बयालपाटा अस्पतालमा सञ्चालन हुने आँखा शिविर सञ्चालनको लागि रकम रु. २ लाख अनुदान उपलब्ध गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १३ विविध (ख) माथी छलफल गर्दा साँफेबगर नयाँ शहर आयोजना कार्यालयको सहयोगमा निर्माण हुने मिनिमार्ट निर्माणको लागि उपयुक्त जग्गाको खोजी गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १३ विविध (ग) माथी छलफल गर्दा यस साँफेबगर नगरपालिका नगर कार्यपालिकाको बैठक प्रत्येक महिनाको २ पटक पहिलो र तेस्रो सातामा बस्ने सर्वसम्मत निर्णय पारित गरियो ।